कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित तथा तथा औषधी व्यवस्था विभागबाट ईजाजतपत्र पत्र प्राप्त

Om Megashree
-Pharmaceuticals-
your health, our concern

# ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेड
# Om Megashree Pharmaceuticals Limited

रजिस्टर्ड कार्यालय : काठमाण्डौं महानगरपालिका, वडा नं. १०, नयाँ वानेश्वर काठमाण्डौं, नेपाल
फोन न.: ०१-५२४४३१० इमेल : info@ommegashreepharmaceuticals.com
वेभसाइटः www .ommegashreepharmaceuticals.com

को

## वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको लागि साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना

ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेडको आफ्नो जारी पूँजी रु.६०,००,००,००० ।- (साठ्ठी करोड) को ३०% ले हुन आउने रु.१८,००,००,००० ।-(अठार करोड) रकम बराबरको प्रति शेयर रु.१००/- अंकित दरको १८,००,००० कित्ता साधारण शेयर मध्येको दश प्रतिशत (१०%) अर्थात १,८०,००० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपालीहरुको लागि प्रथम चरणमा मिति २०८१ माघ २१ गतेदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा **आज मिति २०८१ फाल्गुन ०५ गते सोमबार (बैकिङ्ग समय पश्चात्)** उक्त सेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारीक मानी वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि निष्काशन गरिएको साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८१ फाल्गुन ०५ गते (बैंकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरु, निष्काशन बैंक तथा सम्बन्धित सबै नियमन निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

**दरखास्त दिन पाउने न्यूनतम शेयर संख्या : १० कित्ता** | **दरखास्त दिन पाउने अधिकत्तम शेयर संख्या: १०,००० कित्ता**

**दरखास्त साथ प्रति शेयर अंकित मूल्य रु. १००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

| क्र.सं. | विवरणपत्र प्राप्त गर्ने स्थान |
|---|---|
| १. | प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, नेपाल; वेवसाइट : www .prabhucapital .com फोन नं.– ०१- ४१६९१००, ५९७०२०० |
| २. | श्री ओम मेगाश्री फर्मास्यटिकल्स लिमिटेड, नयाँ वानेश्वर, काठमाण्डौं वेवसाइट : www .ommegashreepharmaceuticals .com फोन नं. ०१ - ५२४४३१० |
| ३. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट, www .sebon .gov .np |

**दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :**

नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण सी-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तिय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर “मेरो सेयर” अनलाइन प्रयोग गरि सिआश्वा प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

### नेटवर्थ सम्बन्धी विवरण

| विवरण | वास्तविक | | | अपरिकृष्त | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१ पौष | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| प्रति शेयर आम्दानी रु. | (३ .०४) | (५ .०५) | ३ .३० | ०.९८ | ५ .७३ | ९ .७९ | १४ .१० |
| प्रति शेयर नेटवर्थ रु. | ७८ .०० | ७२ .९५ | ९० .१७ | ९१.१५ | ९८ .११ | १०७ .७८ | ११३ .३७ |
| संचित नाफा नोक्सान (हजार) | (४४,००९,५०७) | (५४,१०४,३१०) | (४१,३०६,२०१) | (३७१७६८९९) | (११,३५२,३३०) | ४६,६६३,८३५ | ८०,२२३,८२६ |

*नोट : कम्पनीको नेटवर्थ गणना गर्दा पुर्नमुल्यांकन कोषको रकम समावेश गरिएको छैन ।*

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूवर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटीङ्ग नेपाल लिमिटेडबाट इस्यूवर रेटिङ्ग गराई **“CARE-NP BB-(Is) [Double B Minus (Issuer)" रेटिङ्ग प्राप्त गरेको छ। CARE-NP BB-(Is) ले “Moderate risk of default regarding timely servicing of financial obligations in Nepal” जनाउँदछ जसको नेपालीमा “समयमै बित्तिय दायित्व भूक्तानीका सन्दर्भमा मध्यम स्तरको जोखिम रहेको” बुझिन्छ।** केयर नेपाल लिमिटेडले CARE - NP AAA(Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड CARE-NP AAA(Is) ले बलियो आधार जनाउँछ र CARE-NP D(Is) ले कमजोर आधार जनाउँदछ। यसको अर्थ CARE-NP BB (Is) को स्थिति CARE-NP BBB(Is) को भन्दा एक चिन्ह तल रहन्छ। सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा २२ (ट) को पृष्ठ नं ५४ मा उल्लेख गरिएको छ।

**रेटिङ्ग ग्रेड प्रदान गरेको मिति २०८१/१०/१०** **रेटिङ्ग ग्रेड बहाल रहने अवधि २०८२/१०/१३)**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८१ माघ १० गतेको “नेपाल समाचारपत्र” राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान पत्र वा निष्काशन कम्पनीको वेबसाईट www.ommegashreepharmaceuticals.com अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाईट www.prabhucapital.com मा हेर्नुहुन अनुरोध गर्दछौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

PRABHU CAPITAL
(A Subsidiary of Prabhu Bank Limited)

## प्रभु क्यापिटल लिमिटेड

कमलादी, काठमाडौं, फोन नं. ०१-४१६९१००, ५९७०२००
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com